

Ref. No.:

प्रेस-विज्ञप्ति

मधेश/तराईबाट सेना परिचालन अविलम्ब फिर्ता गरी आन्दोलनकारीको माग सम्बोधन गरियोस्

२०७२ भाद्र १० गते बिहीबार। मधेश/तराईका जिल्लाहरूमा भइरहेको आन्दोलनमा नेपाल सरकारको दमनको विरोध गर्दै यस अघि २०७२ श्रावण ३२ गते सोमबार पनि स्वतन्त्र मधेश गठबन्धनले आधिकारिक प्रेस-विज्ञप्ति जारी गरेको र सामाजिक संजाल लगायतका उपलब्ध माध्यमबाट बेला-बेलामा सो कुरा उठाइरहेको विदितै छ। गठबन्धनका धारणा र समाचारहरू पहिला देखि नै अधिकांश मीडिया हाउसले सेन्सर गर्ने गरेको कुरा पनि जनता समक्ष सर्वविदितै छ। गठबन्धनका संयोजक डा. सी. के. राउत गत वैशाख महिनादेखि उहाँकै राजविराज स्थित निवासमा चारैतिर प्रहरी लगाई अघोषित नजरबन्दमा राखिएको र कतै आवतजावत गर्न प्रतिबन्ध लगाइएको कुरा पनि सर्वसाधारणमा जानकारी नै रहेको छ।[1]

मधेश/तराईमा चलिरहेको आन्दोलन कै क्रममा विभिन्न ठाउँमा नेपाल सरकारद्वारा भइरहेको चरमदमन, प्रहरीको गोलीले मधेशी/थारु आन्दोलनकारी मारिने र घाइते हुने बढदो क्रम, स्थानीय प्रशासन र प्रहरीकै संरक्षणमा भैरहवा र नेपालगंज लगायतका ठाउँमा फैलाइएको साम्प्रदायिक दंगा र पहाडीहरूद्वारा मधेशीमाथि गरिएको कुटपीट, आगजनी तथा हत्या, आदिवासी थारुहरूलाई नरसंहार गर्न र विस्थापित गर्न रचिएको षडयन्त्रपूर्ण टीकापुर घटना, तथा कैलाली, दांग र रौतहट लगायतका जिल्लाहरूमा जनता विरुद्ध गरिएको नेपाली सेना परिचालन प्रति गठबन्धनको गम्भीर ध्यानाकर्षण भएको छ, र स्वतन्त्र मधेश गठबन्धन यसको घोर-भर्त्सना गर्दछ।

स्वतन्त्र मधेश गठबन्धन आन्दोलनकारीको मागलाई शान्तिपूर्ण तरीकाले सम्बोधन गर्न, आन्दोलनकारी माथि भइरहेको दमन तुरन्त रोक्न, तथा मधेश/तराईबाट सेना परिचालन अविलम्ब फिर्ता गरी त्यहाँ अमनचैन कायम गर्न नेपाल सरकार समक्ष आग्रह गर्दछ।

साथै, स्वतन्त्र मधेश गठबन्धन मधेश/तराईमा आन्दोलनरत पक्षहरूसँग पनि संयमता अपनाई अहिंसात्मक मार्ग द्वारा आन्दोलन गर्न विनम्र अनुरोध गर्दछ। मधेशमा कुनै किसिमको हिंसा र दंगा फैलेपछि अन्ततः क्षति हुने भनेको मधेशकै हो भने तथ्यलाई पुनः स्मरण गर्दै राजनैतिक सत्ता र मन्त्रालय प्राप्त गर्न वा राता-रात नेता बन्न आन्दोलनलाई उग्र बनाउने, जनता र प्रहरी बीच भीडन्त गराई मान्छे मार्न लगाउने, वा दंगा फैलाउने अवसरवादी तत्त्वहरूसँग सचेत रहन समेत आग्रह गर्दछ।

'स्वतन्त्र मधेश/तराई' ले मात्र मधेशी जनताको मुक्ति हुन सक्ने र सोबाट मात्रै कुनै पनि अधिकार मधेशीलाई स्थायी रुपमा प्राप्त हुन सक्ने अन्यथा जतिसुकै संविधान बनाए पनि, संविधान-नियम-कानूनमा जे लेखिए पनि, जस्तोसुकै शासन-व्यवस्था ल्याए पनि त्यो क्षणिक मात्रै हुने कुरा समेत स्मरण गराउन चाहन्छौं।

कैलाश महतो, सहसंयोजक
स्वतन्त्र मधेश गठबन्धन
मोबाइलः 9811568678
इमेलः ourmadhesh@gmail.com

[1] "Police intrudes Dr. Raut's privacy and security keeping him under 24 hours surveillance," Asian Human Rights Commission, July 3, 2015. URL: http://www.humanrights.asia/news/ahrc-news/AHRC-STM-105-2015.